Volume 3

# Annex 3.17e: Minute and Recommendation of Management Council.

आज मिति २०६६।१०।२ गते यस मसोमको व्यवस्थापन परिषदको दोस्रो बैठक परिषदका संयोजक डा. सुसिल कुमार शाहीको संयोजकत्वमा देहाय बमोजिमको उपस्थिति सहित बैठक बसी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिति

१. डा. सुसिल कुमार शाही — संयोजक

२. श्री भुपाल विक्रम कठायत — सदस्य

३. श्री मोहनमाया ढकाल — सदस्य

४. श्री ऋषि खनाल — सदस्य

निर्णयहरु

निर्णय १: मसोममा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धि तयार गरिएको कार्यविधि २०६६ लाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय २: मसोमको व्यवस्थापन तयार पारिएको SSR (Self Study Report) प्रतिवेदन यहि २०६६ माघ ५ गते सम्ममा विश्वविद्यालय अनुदान आयोग को कार्यालयमा पेश गर्ने निर्णय गरियो।

निर्णय ३-: मसोममा अध्यापन गरिरहनुभएका प्राध्यापकहरुलाई MPhil तथा Phd कार्यक्रमहरुको अध्ययन तथा अनुसन्धान गर्ने मसोमद्वारा आर्थिक सहयोग गर्ने सम्बन्धमा साविकको निर्णय अनुरुप प्रदान गर्ने निर्णय गरियो।

निर्णय ४-: यस मसोममा अध्ययनरत उपप्राध्यापक श्री क्षेत्रमणि तिमिल्सेनालाई स्वायत्तता प्राप्त क्याम्पस वा निकायको Centre for Communication and International Collaboration Department को संयोजक हैसियतले स्वयत्तता सम्बन्धि नियमावली २०६५ को परिच्छेद ४ को दफा ३(घ) बमोजिम मसोम व्यवस्थापन परिषदको सदस्यको रुपमा नियुक्ती गर्ने ~~नियुक्त~~ निर्णय गरियो।

निर्णय ५ -: मसोमका विभिन्न शैक्षिक कार्यक्रमहरुमा अध्ययनरत विद्यार्थीहरु र अन्य उच्च शैक्षिक संस्थानमा समान

तहमा अध्ययनरत विद्यार्थीहरूको अन्तर विश्वविद्यालय तथा अन्तर शैक्षिक संस्थामा स्थानान्तरणको व्यवस्था गर्नका लागि मुसोम संचालक परिषदमा सिफारिस गर्ने निर्णय गरियो। साथै उक्त प्रयोजनका लागि आवश्यक नीति नियम समेत निर्धारण गराई पाउन संचालक परिषदमा अनुरोध गर्ने निर्णय गरियो। यस प्रयोजनका लागि आवश्यक Credit Transfer Policy को मस्यौदा तयार गर्नका लागि देहायबमोजिमको दुई सदस्यीय कार्यदल बनाउने निर्णय गरियो।

१. ~~श्री~~ डा. चन्द्र प्रसाद रिजाल

२. श्री रवि खनाल

निर्णय ५-: मुसोममा हाल करार सेवामा नियुक्त भएका प्राध्यापक तथा कर्मचारीहरूको तलब तथा भत्ता मध्यपश्चिमाञ्चल विश्वविद्यालयको आर्थिक नियम तथा विनियमको मापदण्ड अनुसार प्रदान गर्ने निर्णय गरियो।

निर्णय ६-: यस मुसोमको कार्यालय सहायक मान कुमारी जैसीलाई मंसिर महिनाको एकमुष्ट ज्याला रु. १५००० (पन्ध्र हजार मात्र) प्रदान गर्ने निर्णय गरियो।